बैठक नं ११
मितिः- २०७७।०२।०४
समयः- १.०० बजे
स्थानः- कैलाश गाउँकार्यपालिकाको कार्यालय, मकवानपुर ।

आज मिति २०७७।०२।०४ गते आईतवारका दिन कैलाश गाउँपालिकाका अध्यक्ष श्री टंक बहादुर मुक्तानज्यूको अध्यक्षतामा गाउँकार्यपालिकाको बैठक तपसिलको उपस्थितिमा बसि देहाय अनुसारको प्रस्तावहरु माथी छलफल गरी निम्नानुसारको निर्णय पारित गरियो ।

उपस्थितिः

| | | |
|---|---|---|
| | श्री टंक बा. मोक्तान | अध्यक्ष, कैलाश गाउँकार्यपालिका मकवानपुर |
| | श्री सुकुमाया थिङ्ग | उपाध्यक्ष, कैलाश गाउँकार्यपालिका मकवानपुर |
| | श्री पेमा योन्जन | सदस्य, कैलाश गाउँकार्यपालिका मकवानपुर |
| | श्री राजेन्द्र तामाङ घिसिङ | सदस्य, कैलाश गाउँकार्यपालिका मकवानपुर |
| | श्री देव लाल बल | सदस्य, कैलाश गाउँकार्यपालिका मकवानपुर |
| | श्री तिलक बा. मुक्तान | सदस्य, कैलाश गाउँकार्यपालिका मकवानपुर |
| | श्री छेकु लामा | सदस्य, कैलाश गाउँकार्यपालिका मकवानपुर |
| | श्री ठुलो कान्छा लामा | सदस्य,कैलाश गाउँकार्यपालिका मकवानपुर |
| | श्री उदास कु. थोलन | सदस्य,कैलाश गाउँकार्यपालिका मकवानपुर |
| | श्री सुर्ज बा. थिङ्ग | सदस्य,कैलाश गाउँकार्यपालिका मकवानपुर |
| | श्री सुमन लटौला | सदस्य,कैलाश गाउँकार्यपालिका मकवानपुर |
| | श्री माणिकलाल मुक्तान | सदस्य,कैलाश गाउँकार्यपालिका मकवानपुर |
| | श्री गोविन्द बि.क. | सदस्य, कैलाश गाउँकार्यपालिका मकवानपुर |
| | श्री संगिता प्रजा | सदस्य, कैलाश गाउँकार्यपालिका मकवानपुर |
| | श्री आशिष प्रजा | सदस्य, कैलाश गाउँकार्यपालिका मकवानपुर |
| | श्री लक्ष्मी मुक्तान | सदस्य, कैलाश गाउँकार्यपालिका मकवानपुर |
| | श्री फुल माया सिंतान | सदस्य, कैलाश गाउँकार्यपालिका मकवानपुर |
| | श्री राम माया प्रजा | सदस्य, कैलाश गाउँकार्यपालिका मकवानपुर |
| | श्री रामप्रसाद शर्मा | सदस्य-सचिव, कैलाश गाउँकार्यपालिका, मकवानपुर |
| | श्री सुरेश न्यौपाने | अधिकृत, कैलाश गाउँकार्यपालिका, मकवानपुर |
| | श्री श्याम सुन्दर महतो | विपद व्यवस्थापन संयोजक, कैलाश गा.पा. |

प्रस्तावहरु

(१) थप राहत सामाग्री खरिद सम्वन्धमा ।
(२) कमान्ड पोष्ट गठन सम्वन्धमा ।
(३) योजना संचालन सम्वन्धमा ।
(४) बादुरा रुबेला बिषेश अभियान संचालन सम्वन्धमा ।
(५) ह्युम पाइप रकम भुक्तानी सम्वन्धमा ।

निर्णय नं १

विश्वव्यापी महामारीको रुपमा फैलिरहेको कोरोन भाइरस (कोभिड१९) को कारण रोजगारी गुमेका , रोजगारीको अभावमा खानाको समस्यामा परेका व्यक्तिहरुको लागी राहत स्वरुप सुविधा प्रदान गर्ने प्रयोजनको लागी असंगठीत क्षेत्रमा कार्यरत श्रमिक वर्गहरुलाइ लक्षित गरि गाउँपालिकाले काममा आधारित राहत स्वरुप खाद्यान्न कार्यक्रम संचालन गर्नको लागी तपशिलमा उल्लेखित परिणामका खाद्यान्न सामाग्रीहरु नपुग हुने भएकोले साविकै दररेटमा साविककै प्रकृया अनुसार खरिद गरि भण्डारण गर्ने निर्णय गरियो

तपशिल

| क्र.स | खाद्यान्न विवरण | इकाइ | दर | जम्मा |
|---|---|---|---|---|
| १ | चामल | ८५००० केजी | ४५ | ३८,२५,०००। |
| २ | दाल | ८०० केजी | ११० | ८८०००। |
| ३ | तेल | ३०० लिटर | १६० | ४८०००। |
| ४ | अन्य | | | १९००००। |
| | जम्मा | | | ४१५००००। |

निर्णय नं २

विश्व व्यापीरुपमा फैलिरहेको कोरोना भाइरस ( कोभिड १९) को प्रभावकारी व्यवस्थापन तथा नियन्त्रण र राहत सामाग्री वितरण जस्ता कार्यमा सरलता , मितव्ययिता, र प्रभावकारीता कायम गर्नको लागी गाउँपालिका गाउँ कार्यपालिकाको सम्पुर्ण टिम , तीनवटै प्रहरी चौकी इन्चार्ज , स्वास्थ्य संयोजक सहितको एक कमान्ड पोष्ट गठन गर्ने र कमान्ड पोष्टको अनलाइन बैठक प्रत्येक दिन विहान ८ देखि ९ बजे सम्म बस्ने निर्णय गरियो ।

निर्णय नं ३

यस गाउँपालिकाको पाचौ गाउँ सभावाट गाउँपालिका क्षेत्रको उपयुक्त क्षेत्रमा पोखरी निर्माण गर्ने भन्ने निर्णय भएकोमा उक्त पोखरी वडा नं १० मा रहेको पदम पोखरीलाइ निर्माण गर्ने निर्णय गरियो ।

निर्णय नं ४

यस गाउँपालिकाका ६ वर्ष देखि १५ वर्ष सम्मका वालवालिकाहरु लाइ लक्षित गरि दादुरा रुवेला विशेष खोप अभियान वडा नं १,२,३,४,५,७,८ मा संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं ५

यस गाउँपालिका वडा नं ५ र ६ नं वडाको सिमानाको रुपमा रहेको राउते खोलामा ह्युम पाइप जडान भएकोमा उक्त ह्युम पाइपको खरिद ढुवानी गरेको विल अनुसारको रकम रु ९८५२४ रुपैया विपद कोष शिर्षकवाट दिने निर्णय गरियो

निर्णय नं ६

यस गाउँपालिकाले तयार गरेको काममा आधारित राहत स्वरुप खाद्यान्न कार्यक्रमका लागी सबै वडा कार्यालयवाट प्राप्त लकडाउनका कारण बेरोजगार भएका व्यक्तिहरुलाइ यही मिति २०७७ साल जेष्ठ ५ गते देखि कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं ७

नेपाल सरकारले गरेको लकडाउनका कारण बेरोजगार भएका व्यक्तिहरुलाइ कामका आधारित राहत स्वरुप खाद्यान्न उपलब्ध गराउने प्रयोजनको लागी वडा कार्यालयहरुवाट प्राप्त तपशिलमा उल्लेखित तथ्यांकका आधारमा राहत वितरण गर्ने निर्णय गरियो ।

| क्र.स | कामदार संख्या | वडा कार्यालय |
|---|---|---|
| १ | ३२५ | १ |
| २ | २२५ | २ |
| ३ | २२५ | ३ |
| ४ | २५० | ४ |
| ५ | २२५ | ५ |
| ६ | २२५ | ६ |

| | | |
|---|---|---|
| ७ | २५० | ७ |
| ८ | २२५ | ८ |
| ९ | २२५ | ९ |
| १० | २२५ | १० |
| | २३०० | |

निर्णय नं ८

यस गाउपालिका गाउँ कार्यपालिकाको मिति २०७७ साल जेष्ठ १ गते वसेको कार्यपालिकाको निर्णय नं ७ मा भुन्टेडाडा कैलास सडक मर्मतको लागी रु ५००००० पाँच लाख निर्णय भएकोमा उक्त निर्णयलाइ वदर गर्ने निर्णय गरियो।

निर्णय नं ९

यस गाउँपालिकाको पाचौ गाउँ सभावाट अगुवा कृषक अन्तर जिल्ला भ्रमण कार्यक्रममा विनियोजन भएको रकम रु २५०००० दुइ लाख पचास हजार र प्रस्तावनामा आधारित कार्यक्रमको ५०००० पचास हजार रैथाने वाली संरक्षणको ४०००० चालिसहजार मात्रको कार्यक्रमलाइ संशोधन गरि धानको बिउ खरिद गर्ने निर्णय गरियो। साथै वडा न ९ नामटारमा धानको वीउ खरिद गर्नको लागी तरकारी पकेट कार्यक्रमको ५० प्रतिशत अनुदान बाट गर्ने निर्णय गरियो

निर्णय नं १०

कैलाश गाउँपालिका विपद व्यवस्थापन कोषमा रकम अभाव भइ राहत सामाग्री खरिद तथा ढुवानीमा समस्या हुन सक्ने विषयलाइ मध्येनजर गर्दै गाउँपालिकाको पाचौ गाउँ सभावाट निर्णय भएको वित्तीय समानीकरण कार्यक्रमको विपद सँग मिल्ने शिर्षकको रकमलाइ विपद व्यवस्थानकोषमा जम्मा गर्ने निर्णय गरियो।